खोप जानकारीको अभिव्यक्ति

# न्युमोकोकल सम्बद्ध खोप (PCV13)

## तपाईंले जान्नु पर्ने कुरा

Many Vaccine information Statements are available in Spanish and other languages. See www.immunize.org/vis
Hojas de información sobre vacunas están disponibles en español y en muchos otros idiomas. Visite www.immunize.org/vis

## 1 खोप किन लगाउने ?

खोप लगाउनाले बालबालिका तथा वयस्कहरू दुबैलाई न्युमोकोकल रोगबाट बचाउन सकिन्छ ।

न्युमोकोकल रोग व्यक्ति-व्यक्ति बीचको नजिकको सम्पर्कबाट सर्ने जीवाणुबाट लाग्छ । यसले कानको संक्रमणहरू निम्त्याउँछ र यसले देहायबमोजिमका भागहरूमा थप गम्भीर संक्रमणहरूलाई पनि निम्त्याउन सक्छ:

- फोक्सोहरूमा (निमोनिया),
- रगतमा (ब्याक्टेरिमिया), र
- मस्तिष्क तथा मेरुदण्ड कर्डको बाहिरी भागमा (मेनिन्जाइटिस)।

वयस्कहरूमा न्युमोकोकल निमोनिया सबैभन्दा सामान्य रहेको छ । न्युमोकोकल मेनिन्जाइटिसले बहिरोपना र मस्तिष्कको खराबी सम्बन्धी रोगहरू निम्त्याउन सक्छ र यसबाट संक्रमित 10 जना बच्चा मध्ये 1 जनाको मृत्यु हुन्छ ।

जोकोहीलाई पनि न्युमोकोकल रोग लाग्न सक्छ तर 2 वर्ष मुनिका र 65 वर्ष वा सो भन्दा बढी उमेरका वयस्कहरूमा केही निश्चित स्वास्थ्य अवस्थाहरू भएका र धुमपान गर्ने मानिसहरू यसको उच्च जोखिम हुन्छन् ।

खोप हुनुभन्दा अगाडि, 5 वर्ष मुनिका बालबालिकाहरूमा निम्न तथ्यहरू देखिएको थियो:

- 700 भन्दा बढी मेनिन्जाइटिसका समस्या,
- लगभग 13,000 रक्त संक्रमण,
- लगभग 5 मिलियन कानको संक्रमण र
- न्युमोकोकल रोग लागेर

लगभग 200 जना बालबालिकाको मृत्यु । यो खोप उपलब्ध भएपछि बालबालिकामा हुने गम्भीर न्युमोकोकल रोग घटेर 88% पुगेको छ ।

प्रत्येक वर्ष संयुक्त राज्यमा लगभग 18,000 बढी उमेरका वयस्कहरूको न्युमोकोकल रोगको कारण मृत्यु हुन्छ ।

पेनिसिलिन र अन्य औषधिहरूको प्रयोगबाट फ्येन्यूमोक्कलका संक्रमणहरूको उपचार पहिला जस्तो प्रभावकारी हुँदैन किनभने यस रोगका स्ट्रेनहरू यी औषधिहरूलाई प्रतिरोध गर्न सक्छन् । यसले खोप मार्फत रोगको रोकथाम गर्ने कार्यलाई झनै महत्वपूर्ण पार्छ ।

## 2 PCV13 खोप

PCV13 नामक न्युमोकोकल सम्बद्ध खोपले 13 प्रकारका न्युमोकोकल जीवाणुबाट संरक्षण गर्छ ।

बालबालिकाहरूलाई PCV13 नियमित रुपमा 2, 4, 6 र 12–15 महिनाको उमेर दिइन्छ। यो के ही सीमित स्वास्थ्य अवस्थाहरू भएका 2 देखि 64 वर्ष उमेरका बालबालिका र वयस्कहरूलाई र 65 वर्ष र सो भन्दा बढी उमेरका सबै वयस्कहरूको लागि पनि सिफारिस गरिन्छ । तपाईंलाई तपाईंको चिकित्सकले विवरणहरू दिन सक्ट हुन्छ ।

## 3 केही मानिसहरूले यो खोप लिनु हुँदैन

यस खोपको मात्रबाट, PCV7 नामक प्रारम्भिक न्युमोकोकल खोपबाट वा डिप्थीरिया टोसाइड (उदाहरणको लागि DTaP) सम्मिलित कुनै पनि खोपबाट कोही कसैलाई गम्भीर एलर्जिक प्रतिक्रिया भएको छ भने उक्त व्यक्तिले PCV13 लगाउनु हुँदैन ।

PCV13 का तत्वबाट गम्भीर एलर्जी भएका जोकोहीले खोप लगाउनु हुँदैन । खोप लगाइएको व्यक्तिलाई कुनै पनि गम्भीर एलर्जीहरु छन् भने आफ्नो चिकित्सकलाई भन्नुहोस् ।

खोप लगाउने व्यक्ति स्वस्थ छैन भने तपाईंको स्वास्थ्य रेखदेख प्रदायकले खोप लगाउने अर्को दिन तोक्न सक्नुहुन्छ ।

## 4 खोप प्रतिक्रियाका खतराहरू

खोपहरू लगायत सबै औषधिले प्रतिक्रिया दिने सम्भावना हुन्छ । यस्ता प्रतिक्रियाहरू सामान्यतया हल्का हुन्छन् र आफै हराएर जान्छन्, तर गम्भीर प्रतिक्रियाहरूको पनि सम्भावना हुन्छ ।

PCV13 को प्रयोगबाट देखिएका समस्याहरू उमेर र डोज अनुसार फरक भएको कुरा देखिएको छ । बालबालिकाहरूमा देखिएका सबै भन्दा सामान्य समस्याहरू निम्न रहेका छन्:

- लगभग आधा व्यक्तिहरु तन्द्रालु भए, तिनीहरूलाई भोक लागेन र खोप लगाइएको स्थानमा रातोपना वा नरमपना देखियो ।
- 3 जना मध्ये लगभग 1 जनामा खोप लगाएको स्थानमा सुन्नियो ।
- एक तिहाइ मानिसहरूलाई सामान्य ज्वरो आएको थियो, र 20 मध्ये 1 जानालाई 102.2°F भन्दा माथि ज्वरो आएको थियो ।
- 10 मध्ये लगभग 8 जनालाई झर्को लाग्ने वा रिसाउने समस्या आएको थियो।

सुई लगाइएको ठाउँमा वयस्कहरूलाई पीडा भएको, रातो भएको, र सुनिएको, यसको साथै सामान्य ज्वरो आउने, थकाइ लाग्ने, टाउको दुख्ने, जाडो हुने, वा मांसपेशीमा पीडा हुने समस्या भएकोकुरा जानकारीमा आएको छ ।

निष्क्रिय फ्लू खोप को साथमा PCV13 खोप दिइएका बालबच्चाहरूमा ज्वरोद्वारा बेहोस हुने खतरा बढी हुन्छ । थप जानकारीको लागि आफ्नो चिकित्सकलाई सोध्नुहोस् ।

U.S. Department of Health and Human Services
Centers for Disease Control and Prevention

सुईद्वारा दिइने कुनै पनि खोप लिइ सकेपछि देखा पर्न सक्ने समस्याहरू यस प्रकार छन्:

- मानिसहरू कहिलेकाहीँ खोप लगायतका चिकित्सा उपचारपछि बेहोस हुने गर्छन् । लगभग 15 मिनेट जति बस्नु वा ढल्केर बस्नुले बेहोस हुन, र लडेर हुने चोटपटकबाट बचाउँछ । रिँगटा लाग्यो, वा दृष्टि समस्या भयो वा कान बज्यो भने आफ्नो चिकित्सकलाई बताउनुहोस् ।
- कतिपय अलिक बढी उमेरका बालबच्चा र वयस्कहरूलाई सुई दिइएको कुममा अत्यन्तै पीडा हुन्छ र हात चलाउन गाह्रो हुन्छ । अत्यन्त कम व्यक्तिमा मात्र यस्तो समस्या हुन्छ ।
- कुनै पनि औषधीले गम्भीर एलर्जी प्रतिक्रिया ल्याउन सक्छ । खोपबाट त्यस किसिमको प्रतिक्रिया निकै कम मात्रामा हुन्छ, अर्थात् दश लाख डोजमा 1 जनालाई हुन्छ र खोप लगाएपछि केही मिनेटदेखि र केही घण्टाको बीचमा यस्तो हुन्छ भन्ने अनुमान गरिएको छ ।

सबै प्रकारका औषधिले जस्तै खोपका कारणले पनि गम्भीर चोटपटक लाग्ने वा मृत्यु हुन सक्ने सानो सम्भावना हुन्छ ।

खोपको सुरक्षालाई सधैँ अनुगमन गरिन्छ । थप जानकारीको लागि, निम्न वेबसाइटमा जानुहोस्: www.cdc.gov/vaccinesafety/

## 5 गम्भीर प्रतिक्रिया भयो भने के गर्ने ?

म के प्रति होसियार हुनुपर्छ ?

- आफूलाई चिन्तित पार्ने गम्भीर एलर्जी प्रतिक्रिया, अत्यन्तै उच्च ज्वरो वा असामान्य व्यवहार जस्ता कुनै पनि चिन्ह तथा लक्षण प्रति होसियार हुनुहोस् ।

  गम्भीर एलर्जी प्रतिक्रियामा बिबिरा आउने, अनुहार र घाँटी सुनिने, सास फेर्न गाह्रो हुने, मुटुको धड्कन छिटो-छिटो चल्ने, रिँगटा लाग्ने, र कमजोर हुने आदि पर्छन्— र यस्ता तिक्रियाहरू विशेष गरी खोप लगाइएको केही मिनेटदेखि केही घन्टापछि हुन्छ ।

मैले के गर्नुपर्छ ?

- यदि यो गम्भीर एलर्जी प्रतिक्रिया हो वा प्रतीक्षा गर्न नसकिने अन्य आपत्कालिन समस्या हो भने 9-1-1 मा टेलिफोन गर्नुहोस् वा बिरामीलाई सबैभन्दा नजिकको अस्पतालमा लैजानुहोस् । वा, आफ्नो डाक्टरलाई टेलिफोन गर्नुहोस् ।

  प्रतिक्रियाहरूको बारेमा भ्याक्सिन एड्भर्स इभेन्ट रिपोर्टिङ सिस्टम (VAERS) मा रिपोर्ट दिइनुपर्छ । तपाईंको डाक्टरले यो रिपोर्ट बुझाउनुपर्छ, वा VAERS को वेबसाइट www.vaers.hhs.gov मा गएर, वा 1-800-822-7967 मा टेलिफोन गरेर तपाईं आफै यसो गर्न सक्नुहुन्छ ।

VAERS ले मेडिकल सल्लाह दिँदैन ।

## 6 राष्ट्रिय खोप हानी क्षतिपूर्ति कार्यक्रम (VICP)

राष्ट्रिय खोप हानी क्षतिपूर्ति कार्यक्रम (Vaccine Injury Compensation Program, VICP) एक यस्तो संघीय कार्यक्रम हो जुन निश्चित खोपहरूद्वारा चोटपटक लागेका वा हानी भएका मानिसहरूलाई क्षतिपूर्ति दिने उद्देश्यले स्थापना गरिएको हो ।

आफूलाई खोपले हानी गरेको छ वा चोटपटक लागेको छ भन्ने विश्वास गर्ने व्यक्तिहरूले कार्यक्रमको बारेमा जान्न र दाबी दायर गर्ने विषयमा 1-800-338-2382 मा टेलिफोन गरेर वा VICP को वेबसाइट www.hrsa.gov/vaccinecompensationमा गएर जानकारी लिन सक्छन् । क्षतिपूर्तिको लागि दाबी दायर गर्ने म्याद हुन्छ ।

## 7 मैले थप कुरा कसरी जान्न सक्छु ?

- तपाईंको स्वास्थ्य सेवा प्रदायकलाई सोध्नुहोस् । निजले तपाईंलाई खोप जानकारी (package insert) प्रदान गर्न सक्छ वा सूचनाको अन्य स्रोतहरू बताउन सक्छ ।
- आफ्नो स्थानीय वा राज्य स्वास्थ्य विभागमा टेलिफोन गर्नुहोस् ।
- रोग नियन्त्रण तथा रोकथाम विभागहरू (Centers for Disease Control CDC) मा कल गर्नुहोस्:
  - 1-800-232-4636 (1-800-CDC-INFO) मा कल गर्नुहोस् वा
  - CDC को वेबसाइट www.cdc.gov/vaccines मा जानुहोस्

Vaccine Information Statement
PCV13 Vaccine - Nepali
11/05/2015
Office Use Only
42 U.S.C. § 300aa-26
Translation provided by Minnesota Department of Health